गोकुलगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु, रामेछाप, बागमती प्रदेश

## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७६

गाउँसभाबाट स्वीकृत मिति २०७६/०३/१०

गोकुलगंगा गाउँपालिका

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७६

**प्रस्तावना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) ले दिएको अधिकार प्रयोग गरी गोकुलगंगा गाउँपालिकाले यो "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७६" बनाई लागू गरेको छ ।

परिच्छेद- १

## प्रारम्भीक

### १. संक्षिप्त नाम र प्रारम्भ

क. यो ऐनको नाम "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७६ " रहेको छ ।

ख. यो ऐन गोकुलगंगा गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागू हुनेछ ।

**२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–**

क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ग) **"गाउँपालिका"** भन्नाले गोकुलगंगा गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) **"कार्यालय"** भन्नाले गाउँपालिका रहेको केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) **"समिति"** भन्नाले गोकुलगंगा गाउँपालिकाको यस कार्यविधि बमोजिम गठितपदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

च) **"नगर प्रहरी"** भन्नाले गोकुलगंगा गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

छ) **"भत्ता"** भन्नाले गोकुलगंगा गाउँपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

ज) **"आर्थिक वर्ष"** भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

झ)**"कार्यपालिका"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ञ) **"गाउँ सभा"** भन्नाले गाउँपालिकाको सभासम्झनु पर्दछ ।

ट) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ठ) **"तोकिएको"** वा **"तोकिए वमोजिम"** भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ड) **"जवान"** भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

ढ) **“नगर प्रहरी कर्मचारी”** भन्नाले गाउँ प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

## ३) ऐनको व्याख्या गाउँ कार्यपालिकाले गर्ने :

क) कुनै अधिकारीले यस ऐनको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँ कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

ख) यस ऐनको बुँदा (क)३ को सम्वन्धमा गाउँ कार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

परिच्छेद २

नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

## ४) नगर प्रहरी सेवाको गठन :

गाउँपालिकामा एक नगर प्रहरी सेवासमुह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

## ५) गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह :

१) गाउँसभाले तोके वोजिमको पद र तह रहनेछन् ।

२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

परिच्छेद- ३

नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

## ६) नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार :

(१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(५) गाउँ, नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,

(७) सार्वजनिक ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा,

(८) विपद्व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(९) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(१०) छाडा चौपायको नियन्त्रण,

(११) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१२) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल तथा व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३) सार्वजनिक जग्गा बाटो, मठ-मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ/छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानूनशाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) गाउँ, नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाणपत्र सहितको प्रतिवेदन कानूनशाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुको मासु बिक्रि वितरणमा रोक लगाउने अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाडन् लगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(२०) गाउँ कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(२१) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(२२) गोकुलगंगा गाउँपालिकाको गाउँ, नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने र अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

(२३) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(२४) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२६) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२७) गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने तथा राख्न लगाउने ।

(२८) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग नदिने ।

(२९) गाउँ, शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग सञ्चालनमा रोक लगाउने ।

(३०) दमकल सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त पुर्याउने कार्यमा सहयोग पुऱ्याउने ।

(३१) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(३२) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३) गाउँपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३५) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

परिच्छेद- ४

## तह विभाजन र पदपूर्ति

### ७) नगर प्रहरीको दरवन्दी सिर्जना प्रकृया :

१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी गाउँ सभाले निर्णय गरे वमोजिम हुनेछ ।

२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

### ८) नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः

नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुनेछ र अन्य पदहरुमा बढुवा गरिनेछ ।

क) नगर प्रहरी सहायक निरीक्षक (सहायकस्तर पाचौं)

ख) नगर प्रहरी हवल्दार (सहायकस्तर चौथो)

ग) नगर प्रहरी जवान सहयोगी (सहायकस्तर दोश्रो)

**९)नियुक्ति गर्ने अधिकारी**: पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रसाशकिय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

**१०)पदपुर्ति सम्बन्धि व्यबस्था :** नगर प्रहरी कर्मचारीहरुको लागि लिईने करार सेवाको पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गरिनेछ ।

### १२) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :

नगर प्रहरी कर्मचारी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् ;

१) नगर प्रहरी जवानको हकमा मान्यता प्रप्त बिद्यालयबाट कक्षा ८ उत्तिर्ण गरी दरखास्त आब्हान भएको सालको वैशाख १ गते वर्ष १८ उमेर पुरा भई ३० वर्ष ननाघेको हुनुपर्नेछ । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी/नेपाली सेना/नेपाल प्रहरी वा सेवा निवृत्त वा राजिनामा दिई उपदान सुविधा लिएका सैनिक/प्रहरीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

२) नगर प्रहरी सहायक निरीक्षक पदको लागि स्वीकृत विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्नेछ । तर वहालवाला नगर प्रहरी वा सेवा निवृत्त तथा राजिनामा दिई उपदान सुविधा प्राप्त सैनिक/प्रहरीको हकमा ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।

३) नगर प्रहरी हवल्दार पदको लागि मान्यता प्राप्त बिद्यालयबाट १० कक्षा उत्तिर्ण गरेको र १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्नेछ । तर वहालवाला नगर प्रहरी वा सेवा निवृत्त तथा राजिनामा दिई उपदान सुविधा प्राप्त सैनिक/प्रहरीका हकमा ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।

४) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

५) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

६) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

७) महिलाहरुको लागि घटीमा ४.५ फिट र पुरुषको लागि घटीमा ५ फिट उचाई भएको ।

८) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

९) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

१०) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

११) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

तर माथि उल्लेखित बुंदा नं. १, २ र ३ बमोजिमका पदमा नियुक्त गर्दा नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत्त भएका वा उपदान सेवा लिई राजिनामा गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईने छ ।

**१३) पदपूर्ति समिति**: गाउँपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत-अध्यक्ष,
(ख) गाँउपालिका अध्यक्षले तोकेको कुनै शाखाको प्रमुख सदस्य

(ग) प्राविधिक विकास शाखा प्रमुख- सदस्य सचिव

नगर प्रहरीहरुको नयाँ पदपूर्तिकालागि छनौट प्रकृयामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि र भुतपुर्व सैनिक वा प्रहरी सेवाको अधिकृत पदबाट सेवा निबृत्त कर्मचारीलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

## १४) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ
(क) यस ऐनको बुँदा १२ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठयक्रम् नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठयक्रम् र छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठयक्रम् हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिने छ ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने वा सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन स्थानीयस्तरको पत्रिकामा सूचना प्रकासित गर्नु पर्नेछ ।

## १५) योग्यताक्रम सूची तयार गर्ने :

(१) उम्मेदवारहरुले दिइएको शारिरीक परिक्षण र अन्तरवार्तामा प्राप्तगरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) ऐनको बुँदा १५ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रसाशकिय अधिकृतले नियुक्ति/सम्झौतापत्र दिईसक्नु पर्नेछ ।

## १६) जेष्ठताक्रम कायम गर्ने : -

(१) नगर प्रहरी कर्मचारीको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले छ महिना सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

## १७) परीक्षणकालमा राखिने :

(१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकाल राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ

(२) ऐनको बुँदा १७ (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको सन्तोषजनक नभएमा निजलाई नियुक्ति/सम्झौता गर्ने अधिकारीले अवकाश दिनेछ ।

## १८) नियुक्ति सदर :

(१) ऐनको बुँदा १७ (१) वमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको सन्तोष जनक काम भएमा नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति/सम्झौतासदर गरिनेछ ।

(२) ऐनको बुँदा १८ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिम गणना गरिनेछ ।

परिच्छेद- ५

# गाउँपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

**१९) गाउँपालिका प्रशासनको नियन्त्रण रहने** : नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाके **कु**रामा वाहेक समस्त नगर प्रहरी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा् रहनेछन ।

**२०) नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने :** गाउँपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ ।

**२१) कारवाही गर्दा परामर्श लिने :** कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनता सम्बन्धि कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

परिच्छेद- ६

# विदा

## २२) विदा अधिकारको कुरा होइन

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफनो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काम लगाउन सक्नेछ ।
(३) विदाको किसिमहरु : नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन ।
१) भैपरी आउने र पर्व विदा
२) किरिया विदा
३) प्रसुती विदा
४) सट्टा विदा
(५) प्रसुति स्याहार विदा
(६) विरामी विदा

## २३) विदा स्वीकृत नगराई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने : -

(१) यस ऐन वमोजिम विदा स्वीकृत नगराई घर बस्ने प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन ।

(२) ऐनको दफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई गाउँपालिकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ ।

तर विदाको निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

## २४) भैपरी/पर्व विदा :

(१ ) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउने छ ।

२) भैपरी/पर्व  विदा साधारणतय : एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी/पर्व विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

५) भैपरी/पर्व विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउनेछ ।

६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

## २५) किरिया विदा :

(१) नगर प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउने

। यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

## २६) प्रसूती विदा :

(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ ।
(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।
(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।
६) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधि राख्नुपर्नेछ ।

## २७) प्रसूती स्याहार विदा :

(१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई  पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिईएको थप सुविधा उपभोग गर्ने पाउने छ ।
२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।
३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।
४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक राख्नुपर्नेछ ।
५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र गाउँपालिका मा पेश गर्नु पर्नेछ ।

**२८) सट्टा विदा :** कुनै पनि सार्वजनिक विदाको दिनयूटी्ड गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मि सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हु छैन । तर करार सेवामा नियूक्त नगर प्रहरी सेवाका कर्मचारीहरुको हकमा करारनामामा उल्लेखएअनुसारकोभ विदा मात्र पाउनेछ ।

**२९) विरामी विदा :** नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामी **विदा** पाउने छ ।

**३०) विदा दिने अधिकारीः** देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :

विदाको किसिम विदा स्वीकृत गर्ने अधिकारी

१) भैपरीआउने र पर्व विदा- नगर प्रहरी प्रमुख

२) किरिया विदा - प्रमुख प्रशासकीय अधिकृत

३) प्रसुती विदा- प्रमुख प्रशासकीय अधिकृत

४) सट्टा विदा - प्रमुख प्रशासकीय अधिकृत

(५) प्रसुति स्याहार विदा- प्रमुख प्रशासकीय अधिकृत

(६) विरामी विदा - प्रमुख प्रशासकीय अधिकृत

यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

**३१) विदा परिणत नहुने :** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सो नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिय वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

**३२) सार्वजनिक विदा गाभिने :** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेका प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा ि पाउने अरु विदामा वसेको मानिनेछ ।

**३३) कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

## ३४) विदा लिने विधि :

(१) यस परिच्छेद वमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण, भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखामर्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । विदा स्वीकृत भए नभएको सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मच दिनुपर्नेछ ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपनियम(१वमोजिम दरखास्त नदिए पनि आफ्नो तज्बीजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।

(४) देहायमा लेखिएवमोजिमका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्त परेको मिति भन्दा अगाडिदेखि पनि विदा वस्न पाउने गरी निवेदकलाई विदा दिन सक्नेछ ।

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भने वा

(ख) पूर्व स्वीकृतिको लागि निवेदकले भरमग्दुर प्रयास गरेको थियो भन्ने आधार देखिएमा भने ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

**३५) विदाको अभिलेख :** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगरप्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ ।

**३६) निकासा लिन नभ्याएमा :** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

**३७) गयल खाली जनाउने :** कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ गाउँपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफु गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्बन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती व्यहोरा लेखि पठाउन सक्नेछ ।

**३८) झुठो कारण देखाएमा सजाय हुने :** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठठा् कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

**३९) तालिम अवधिमा विदा वस्ने वारे :** यस अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

परिच्छेद-७

आचरण

**४०) दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै नगर प्रहरी र निजको परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बकस, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

**४१) चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृत विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**४२) स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने :** गाउँपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नग प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफनो् वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन यदी खरिद गर्नु पर्ने भएमा गोकुलगंगा गाउँपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

**४३) सम्पत्तिको विवरण दिनुपर्ने :** हाल वहालमा रहेको नगरप्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र गाउँपालिकाले तोकिएको कर्मचारीसमक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ ।

१. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

२. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, जिन्सी लगायत सम्पत्तिको अन्दाजी मूल्य ।

३. ऐनको बुँदा ४३ को उपबुँदा १ बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

४. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**४४) व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन;

१. कुनै व्यापार गर्न

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३. कुनै व्यवसाय चलाउन ।

**४५) गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :** नगर प्रहरी कर्मचारीलेगाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागज प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

**४६) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने** : नगरप्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै प्रकाशित लेख प्रकाशन गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**४७) गाउँपालिकाको आलोचना** : नगर प्रहरीकर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका नगरबासीमा खलल् पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

**४८) निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफनो् मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**४९) राजनीतिमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्नु हुदैन ।

**५०) समय पालन र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको प्रकृयाअगाडी नबढाई काममा अनुपस्थित हुनु हुँदैन ।

**५१) अनुशासन र आज्ञापालनः**

(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ  पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिए निर्देशनलाई तदारुकताका साथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

**५२) नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

**५३) बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध :** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

परिच्छेद- ८

## सजाय र पुनरावेदन

**५४) सजाय :** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने(फटिक) सजाय गर्ने ।

३. तलव वृद्धिरोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने

५. लापरवाही गरी गाउँपालिकालाई हानी/नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**५५) नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धित प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**५६) तलब वृद्धि वा पदोन्नति रोक्ने :** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**५७) दर्जा र तलब घटाउने :** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने गाउँपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरणसम्वन्धी कार्यविधि उल्लंघन गरेमा ।

घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा् कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**५८) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

ख) राजनीतिमा भाग लिएमा

ग) बारम्वार अनुशासनहीनताको काम गरेमा

घ) नैतिक पतन देखिनेफौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

च) भ्रष्टाचार गरेमा

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

ज) आचरण सम्वन्धी नियमहरु बारम्बार उल्लंघन गरेमा

झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

## ५९) सजाय सम्बन्धी विधि :

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफनो् सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिंदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस कार्यविधिवमोजिमको कार्यविधिको रीत पुर्‍याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायका सूचना दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीलाई समेत बुझी कारण सहितको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वत निलम्वित हुनेछ ।

तर (क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै(तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मिति देखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

**६०) सजायको आदेश दिने :** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**६१) सेवाको अन्त गर्ने :** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यसै उल्लेख भएकोमा यसै ऐन वमोजिम र यसमा उल्लेख भए वाहेकमा प्रचलीत कानुन बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै,

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्ट्रिले अनुपयुक्त ठहऱ्याएमा,

(४) यस अन्यत्र  जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैबिकप्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाशदिईनेछ यस्तो अवस्थामा निजले ३ वर्षसम्म खाईपाई आएको पुरा तलब भत्ता पाउनेछ ।

(५) नगर प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहायवमोजिमका समिति् रहने छन :

(१)  प्रमुख प्रशासकीय अधिकृत-अध्यक्ष

(२) प्रतिनिधि : चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल-सदस्य

(३) नगर प्रहरी प्रमुख-सदस्य सचिव

(६) उपनियम (५) वमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारीको मृत्यु आफनो् कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्नेसमेत अधिकार हुनेछ ।

**६२) उपचार खर्च :** (१) कुनै नगर प्रहरी कर्मचारी नियमित कार्यसम्पादनको सिलसिलामा विरामी भएमा औषधि उपचारको लागि देहाय वमोजिम भएको खर्चको रकम गाउँपालिकाले उपचार खर्चवापत दिनेछः-

क) अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको विल वमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदानसहतिको प्रेशक्रिप्शनवमोजिम खरिद गरेको औषधि खर्च ।

ख) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार(सर्जिकल अपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिल वमोजिमको खर्च ।

ग) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थान पुग्दाको र फर्कदाको विरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्च रकम र खाना खर्चवापत निज विरामी नगर प्रहरी कर्मचारीको नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) ऐनको उपबुँदा(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीको सेवा अवधिभरमा स्थायी प्रहरी कर्मचारीहरुले अधिकृत स्तरको भए १२ महिना र सो भन्दा मुनिको पदको लागि १८ महिना वरावरको तलब रकमसम्म मात्र उपचार खर्च दिइनेछ ।

तर कार्यालयको कामको सिलसिलामा चोटपटक लाग्न गई घाईते भएको नगर प्रहरीको उपचार मा लाग्ने  सम्पूर्ण खर्च वा नेपाल राज्यभित्र औषधि उपचार हुन नसक्ने भनी नेपाल सरकारद्धारा नियुक्त मेडिकल बोर्डले  सिफारिस गरेको नगर प्रहरी कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई गाउँपालिकाले उपचार खर्च र एक जना विरामी कुरुवाको खर्च समेत उपलब्ध गराउनेछ ।

(३) यस ऐन वमोजिम पाउने उपचार खर्च कुनै नगर प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा मनासिब देखिए ऐनको उपबँदा (२) को अधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सक्नेछ ।

(४) झुट्टा व्यहोरा पेश गरी ऐन वमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारीलाई विभागीय कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकमसमेत त्यस्तो नगर प्रहरी कर्मचारीबाट असुल उपर गरिनेछ ।

## परिच्छेद ९

## तलब, भत्ता

**६३) तलब भत्ता :** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ । तलव र राशन भत्ता उपत्यकाको नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**६४) टाइम स्केल :** (१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतः स्केलमा उल्लेखित न्यूनतम तलब पाउने छ । तर अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा गाउँपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ । असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ ।

**६५) तलब वृद्धि :** देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरा गरेपछी एक ग्रेडवृद्धि पाउनेछ ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र

(ग) तलब वृद्धि रोक्का ।

तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधिसमेत तलब वृद्धिको निमित्त जोडिने छ ।
(घ) कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मिति देखिको तलब, भत्ता र रासन पाउने छैन ।

परिच्छेद १०

निमित्तको व्यवस्था

## ६६) निमित्त भई काम गर्ने व्यवस्था :

(१) एक महिना ननाध्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा सिनियर नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेकोअवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारी हुनेछ ।

**६७) एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुने :** कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

## ६८) काम गरेको अवधिको तलब भत्ता :

(१) कुनै पदमा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ । तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिइने छैन र पन्ध्र दिन बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइने छ ।

परिच्छेद-११

तालिम

**६९) तालिमको व्यवस्था :** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन गोकुलगंगा गाउँपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

**७०) तालिम संचालन हुने स्थान :** गाउँपालिकाले तोकिएको स्थानमा हुनेछ ।

**७१) तालिमको अवधि :** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि गोकुलगंगा गाउँपालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

**७२) तालिमको अनिवार्यता :** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइने

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुन एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा वा सेवाबाट हटाउन सकिनेछ ।

**७३) तालिमको पाठ्यक्रम :** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

**७४) प्रशिक्षार्थीले पाउने सुविधा :** (१) गोकुलगंगा गाउँपालिका बाहिरका प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलितकानून बमोजिमहुनेछ ।
(२) राशन पाउने नगर प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरीले पाए सरह राशन भत्ता उपलब्ध गराइनेछ ।

**७५) तालिम सफल भएमा :** देहायको तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :
(क) नगर प्रहरी अधिकृत(आधारभूत) तालिममा सफल भएका र परीक्षणकालमा रहेका अधिकृतहरु करारमा नियूक्तीका लागि सामान्यतया योग्य हुनेछन ।
(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार सेवामा नियुक्तिको लागि योग्य हुनेछन ।

**७६) समिति गठन हुने :** ऐनको दफा ७४ र ७५ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ । त्यस समितिले ठहरीय वमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ ।

**७७) प्रारम्भिक पोशाक :** (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिमको प्रारम्भिक पोशाक वितरण गरिनेछ ।
(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक गोकुलगंगा गाउँपालिकाले दिनेछ ।

**७८) तालिममा सामेल गराउने संख्या :** नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी तथा अधिकृत प्रहरी कर्मचारीहरु तोक्नेछन् ।

**७९) प्रशिक्षण भत्ता** : राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

**८०) अतिथि प्रशिक्षकहरुको पारिश्रमिक :** गाउँपालिकाले तोकिए बमोजिम हुनेछ ।

**८१) आन्तरिक तालिम :** एकैपटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद-१२

## पोशाक

**८२) नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।
**८३) प्रारम्भिक पोशाक र सामान :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।
**८४) जाडो मौसमका लागि दिइने पोशाक :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ  हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलब्ध गराइनेछ ।
**८५) सेरोमोनियल पोशाक :** अधिकृत कर्मचारीहरुलाई सेरोमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ ।

**८६) तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा :** नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।
**८७) नगर प्रहरीको पोशाक सटटा् भर्ना :** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिमको सटटा् गरी नयाँ दिइनेछ ।

परिच्छेद-१३

## विविध

**८८) विभागीय आदेश र निर्देशन :** ऐन र यस ऐनको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले कार्यकारी अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**८९) पुरस्कार :** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन् ।

**९०) चाडपर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको र प्रत्येक वर्ष चाडपर्वखर्चको रुपमा पाउनेछ ।

**९१) अन्य सुविधा तथा व्यवस्था :** (१) नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) हाल करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो जुनसुकैकुरा लेखिएको भए तापनि कार्यविधि जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एकपटकलाई भाग लिन उमेरको हद लाग्ने छैन ।

(८) यो ऐन जारी भए पश्चात रिक्त नगर प्रहरी जवान पदमा खुल्ला विज्ञापन मार्फत पदपूर्ति गरेपछि सेवा करारमा ऐन जारी हुँदाको बखत कार्यरत बाहेक थप नगर प्रहरी राखिने छैन ।

**९२) बाधा अड्काउ फुकाऊ :** गोकुलगंगा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरी नियमावली, २०७१ बमोजिम हुनेछ ।

**९३) ऐनको संशोधन :** यस आवश्यक संशोधन गोकुलगंगा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**९४) बचाऊ :** यो ऐन लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।